श्री

# सुर्खेत जिल्ला अदालत

## (प्रशासन शाखा)

वीरेन्द्रनगर, सुर्खेत

☎ ०८३-५२०३३५/०८३-५२०२३५

मितिः २०७८/९/२१

**लेखापढी व्यावसायी प्रमाणपत्रका लागि दरखास्त आह्वान सम्बन्धी सूचना**

यस अदालतको मिति २०७८।९।२० गतेको निर्णय अनुसार नेपाल कानून व्यवसायी परिषद ऐन,२०५० को दफा २८ तथा लेखापढी व्यवसायी सम्बन्धी नियमावली, २०५१ को नियम ३ बमोजिम लेखापढी व्यवसायीको प्रमाणपत्र लिन इच्छुक लेखापढी व्यवसायी सम्बन्धी नियमावली, २०५१ को नियम ३ बमोजिम योग्यता पुगि १८ बर्ष उमेर पुरा भएका नेपाली नागरिकहरूले देहायका शर्तको अधिनमा रही दरखास्त दस्तुर वापत रु.११०। - को नगदी रसिद साथै राखि यस अदालतको प्रशासन शाखामा दरखास्त पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

**१. दरखास्तसाथ पेश गर्नुपर्ने कागजातको विवरणः-**

- तीनप्रति पासपोर्ट साइजको फोटो
- शैक्षिक योग्यताको प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको छायाप्रति।

**२. दरखास्त दिने अन्तिम मितिः-** २०७८।१०।२० सम्म

**३. सम्पर्क मितिः-** २०७८।१०।२४

**४. दरखास्तको ढाँचाः-** लेखापढी व्यवसायी नियमावली २०५१ को अनुसुची-१ बमोजिमको ।

**५. उम्मेदवार छनोट विधिः-** लिखित र अन्तरवार्ता परिक्षा सञ्चालन हुने।

- पहिलो चरणमा लिखित परीक्षा सञ्चालन गरिनेछ र लिखित परिक्षामा उत्तिर्ण हुने उम्मेदवारहरूलाई दोश्रो चरणको परीक्षा (अन्तरवार्ता)का लागि छनोट गरिनेछ।
- अन्तरवार्तामा सहभागि भई उत्तिर्ण हुने उम्मेदवारहरूलाई लेखापढी व्यावसाय गर्नका लागि नियमानुसारको प्रमाणपत्र प्रदान गरिनेछ।

**६. परीक्षाका लागि आवश्यक पाठ्यक्रम तथा परीक्षा मिति, समय र स्थान सम्पर्क मितिमा जानकारी गराइनेछ।**

.................................

ठाकुर प्रसाद पौडेल

स्रेस्तेदार(उप-सचिव)

स्रेस्तेदार उपसचिव